## तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८२

स्वीकृत मितिः २०८२/९/२६

<u>प्रस्तावनाः</u> तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ लाई संशोधन गर्न आवश्यक भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ।

### परिच्छेद –१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिका को नाम "तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ को दफा ५ मा संशोधनः-</u> तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ "यस पछि मुल निर्देशिका भनिएको को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ । ,-

" (५) आयोजना सञ्चालनका लागि अधिकतम नब्बे प्रतिशत र स्थानीय तहको न्यूनतम दश प्रतिशत लागत सहभागिता रहनेछ।"

३. <u>मूल निर्देशिकाको दफा ६ मा संशोधनः-</u> दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

"(१) स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा प्रति आयोजना न्यूनतम रु. तीन करोड अनुदान उपलव्ध गराइनेछ।"

४. <u>मूल निर्देशिकाको दफा ७ मा संशोधनः</u> दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

<u>७ "कार्यक्रम सञ्चालनका क्षेत्रः</u> (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने तथा आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराइनेछ।"

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न उपयोग गर्नु पर्नेछः

(क) <u>स्थानीय सडक स्तरोन्ततिः</u> स्थानीय तहका ग्रामीण बस्ती, गाउँपालिका वा नगरपालिकाको केन्द्रबाट वडा जोड्ने, एउटा वडाबाट अर्को वडा जोड्ने र एउटा गाउँबाट अर्को गाउँ जोड्ने सडक आयोजना।

राजकुमार गुप्ता

तर, सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन।

(ख) सामुदायिक पूर्वाधारः पर्यटन पुर्वाधार, सामुदायिक भवन, विद्यालय भवन, प्रसुति सेवा केन्द्र, बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण।

(ग) कृषि विकासः खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको सङ्कलन तथ बिक्री केन्द्र, हाटबजार केन्द्र सम्वन्धी पुर्वाधार निर्माण।

(घ) खानेपानी तथा सरसफाई: पाइपलाइन तथा धारा जडान, ट्यूबवेल जडान, ढल, सार्वजनिक शौचालय निर्माण।

(ङ) सिँचाइ तथा नदी नियन्त्रण: सिँचाइ पुर्वाधार निर्माण (सौर्य सिँचाइ प्रणाली समेत) तथा नदी नियन्त्रण आदि ।

(च) उर्जाः वैकल्पिक उर्जा सम्बन्धी पूर्वाधार निर्माण।

(३) स्थानीय तहले यस कार्यक्रम अन्तरगत आयोजना प्रस्ताव पेश गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नु पर्नेछ।

(४) स्थानीय तहले प्रस्ताव पेश गर्दा अधिकतम तीन (३) वटा आयोजना प्राथमिकताक्रम गरेर पेश गर्नु पर्नेछ।

५. मूल निर्देशिकाको दफा ९ मा संशोधनः दफा९ को उपदफा (१) पछि देहायको प्रतिवन्धात्मक राखिएको छ।

(१) "तर आ.व. ०८२/०८३ को लागि स्थानीय तहले २०८२ साल जेठ १ गते भित्र आयोजना प्रस्ताव केन्द्रीय समन्वय एकाई समक्ष पेश गर्नु पर्नेछ।"

६. दफा ९ को उपदफा २ मा संशोधनः

(२) उपदफा (२) को आयोजना भन्ने शब्द पछाडि रहेको "बैशाख पन्ध्र" भन्ने शब्दको सट्टा "जेठ दश(१०)" भन्ने शब्द राखिएका छन् ।

७. मूल निर्देशिकाको दफा २० दफा २०क, थप गरिएको छः

"२०क, तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ बमोजिम सञ्चालन भएका कार्यक्रमलाई यस निर्देशिकाको (पहिलो संशोधन) लागू हुने छैन ।"

८. निर्देशिकाको अनुसूची-३ हटाईएको छ ।

९. अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखिएको छ।

मा. राजकुमार गुप्ता
मन्त्री

अनुसूची-४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना/कार्यक्रम माग फारम**

१.आ.व :-

२.महानगर/उप-महानगर/नगर/गाउँ पालिकाको नाम :-

३.जिल्ला :-

४.प्रदेशः-

| क.सं. | प्रस्तावित आयोजना / कार्यक्रम को विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र * | भौतिक लक्ष्य परिमाण | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | ड्रइङ/डिजाईन/ल.ई.भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम १०%) | कूल लागत | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

*आयोजना क्षेत्र भन्नाले (क) स्थानीय सडक स्तरोन्नति (ख) सामुदायिक पूर्वाधार (ग) कृषि विकास (घ) खानेपानी तथा सरसफाई (ङ) सिँचाइ तथा नदी नियन्त्रण (च) उर्जा

माग एवम् सिफारिस गर्नेको नाम :-

दरखास्त :-

छापः-

मितिः-

मा. राजकुमार गुप्ता

मन्त्री